# लिच्छविकालीन वस्ती हंसगृहद्रङ्ग र त्यहाँका प्रसिद्ध वैष्णव देवता लोकपाल स्वामी : खोजमूलक टिप्पणी

*पुष्पराज चालिसे*

## परिचय

प्रस्तुत लेखले भक्तपुर शहरदेखि दक्षिण-पश्चिम कोणमा हालको अनन्तलिङ्गेश्वर महादेव मन्दिर वरपर भेकमा कतै रहेको प्रशिद्ध लिच्छविकालीन वस्ती "हंसगृहद्रङ्ग" हालको कुन ठाउँमा विकसित भएको थियो ? र त्यतिबेला मानिएका चार नारायण मध्येका एक हंसगृहद्रङ्गस्थित "लोकपालस्वामी" वैष्णव सम्प्रदाय भित्रका नारायणको कुन रूप वा अवतारको मूर्ति प्रतिष्ठापित गरिएको थियो ? भन्ने लिच्छविकालीन इतिहासमा आजसम्म अनुत्तरित रहेका दुई महत्वपूर्ण पक्षहरूमाथिको खोजमूलक टिप्पणी विज्ञ पाठकहरू समक्ष प्रस्तुत गरिएको छ । स्मरण रहोस् वि.सं. २०५५ मा नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि. अन्तर्गत भक्तपुर-सोमसल क्षेत्रका उपेक्षित सांस्कृतिक निधिहरूमाथि केन्द्रित भएर एउटा लघु अनुसन्धान परियोजना सञ्चालन गर्ने सुअवसर यस लेखकले पाएको थियो । जसले यहाँ प्रस्तुत गर्न लागिएको खोजमूलक पक्षहरूमा थप गहिरो अध्ययन गर्न मौका मिल्यो । त्यसैको प्रतिफलस्वरूप यो अनुसन्धानात्मक लेख यहाँहरू समक्ष आउन सकेको छ । यसकालागि पंक्तिकार ने. र ए.अ. केन्द्र, त्रि.वि. प्रति ज्यादै नै आभारी रहेको छ ।

लिच्छविकालीन वस्ती हंसगृहद्रङ्ग र त्यहाँ स्थित प्रशिद्ध वैष्णव देवता लोकपाल स्वामीको पहिचान सम्बन्धी खोजमूलक सन्दर्भहरू बारे चर्चा गर्नु भन्दा अगाडि तिनका बारेमा इतिहासकारहरूद्वारा गरिँदै आएका चर्चा सम्बन्धमा संक्षेपमा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

## हंसगृहद्रङ्ग

लिच्छविकालीन अभिलेखहरूले दिएको आंशिक सूचनाका आधारमा तत्कालीन प्रशासकीय विभाजन ग्राम, पुर, प्रदेश, गुल्क, तल, द्रङ्ग, कोट्ट, उद्देश, विषय तथा सामन्तक्षेत्र, गरी विभिन्न तहमा विभाजित गरिएको बुझिन्छ । *वाचस्पत्य कोश* र *राजतरङ्गिणी* अनुसार हाटबजार लाग्ने, बाहिरको सामान आउने, मूलबाटो परेको ठाउँ, सुरक्षा चौकी र कर लिने अड्डा भएको ठाउँ भन्दा विकसित वस्ती द्रङ्ग हो (कोइराला, २०४९: १) । अनेक "ग्राम" र "तल" सहितको विकसित वस्तीले द्रङ्गको संज्ञा पाएको थियो । द्रङ्ग पनि "ग्रामद्रङ्ग" र "द्रङ्ग" दुई रूपका थिए । हालसम्म प्राप्त तत्कालीन अभिलेखहरूमा चर्चा परेका ग्रामद्रङ्गहरू-"यूपग्रामद्रङ्ग" (पाटन) र "दक्षिणकोलीग्रामद्रङ्ग" (कान्तिपुर) हुन् भने "थंतुरीद्रङ्ग" (वुढानीलकण्ठ), "लेम्वटीद्रङ्ग" (लेले) र "हंसगृहद्रङ्ग" समेत १५ वटा द्रङ्गहरूको उल्लेख अभिलेखहरूमा पाइन्छ (रेग्मी, २०३६: ४३-४५) ।

जहाँसम्म हंसगृहद्रङ्गको सन्दर्भ छ लिच्छवि राजा नरेन्द्रदेव (६४२-८२ ई.) को सं. ८०-८९ बीचको हाल भ.पु.जि. अनन्तलिङ्गेश्वर महादेव मन्दिरको मूल प्रदेशद्वारको सिंढी छेउ रहेको अभिलेखमा यसबारे चर्चा परेको छ । जुन अभिलेख हंसगृहद्रङ्ग र त्यसदेखि पश्चिमको "को-ग्राम" सहितमा धेरै पहिले "चाटभट" ले (राजस्व प्रशासनका अधिकारी) पस्न नपाउने गरी शरीर र कोट्टको (किल्ला) दुवै सम्बन्धी अनेक स्थिति बन्देजले युक्त भएको सनदपत्र लुप्त भएकोले पुराना थिति साविक बमोजिम कायम राख्ने उद्देश्यले राजा नरेन्द्रदेवले राख्न लगाएका थिए (वज्राचार्य

(२०३०), पृ. ४८७) । हंसगृहद्रङ्ग तत्कालीन काठमाडौं उपत्यकाको एक प्रमुख वस्ती थियो । व्यापारको केन्द्रको रूपमा विकसित भएको हुँदा यो वस्ती द्रङ्ग कहलाएको थियो । ब्राम्हण लगायत चाण्डालसम्म विविध जातिहरूको यहाँ बसोवास रहेको थियो (ऐ., पृ. ४८८) ।

**लोकपाल स्वामी**

वंशावलीको कथन अनुसार वृषभदेव भन्दा अगाडिका प्रख्यात लिच्छवि राजा हरिदत्त वर्माले उपत्यकाको चार समानान्तर गुरहरूमा चार नारायण थापेका थिए । तिनमा उत्तरपूर्वी कोणमा चाँगुनरायण, उत्तरपश्चिम कोणमा इचंगुनारायण, दक्षिणपश्चिम कोणमा शिखरनारायण र दक्षिणपूर्वी कोणमा लोकपाल स्वामी थिए (स्लसर, १९९८: २५२) । कालान्तरमा लोकपाल स्वामीको मन्दिर रहेको हंसगृहद्रङ्ग दैवी वा प्राकृतिक प्रकोपका कारण लुप्तप्रायः हुन पुग्यो । त्यसदेखि पछाडिका युगमा अद्यापि लोकपाल स्वामीको सट्टा विसंखु नारायणलाई मानिदै आएको बुझिन्छ । जहाँसम्म लोकपाल स्वामीको पहिलो पटक उल्लेखको सन्दर्भ छ, लिच्छवि राजा अंशुवर्मा (६०५-२० ई.) को सं.३२ को हाँडिगाउँको अभिलेखमा यसबारे पहिलो उल्लेख परेको छ । जसमा तत्कालीन नेपालका प्रशिद्ध देवता, विहार, पाञ्चाली, गोष्ठी एवं ब्राम्हणहरूले सम्मानस्वरूप पाउने भाग नियत गरी तीन वर्गमा उल्लेख गर्ने क्रममा "हंसगृहदेव" लाई दोस्रो दर्जामा राखी ३ पुराण १ पण तोकिएको देखिन्छ (ऐ: ३२०-३५) । त्यसपछि राजा नरेन्द्रदेव (६४२-८२ ई.) को सं. ८०-८९ बीचको अनन्तलिङ्गेश्वरमा रहेको अभिलेखमा प्रयुक्त सनदमा हंसगृहद्रङ्ग र पश्चिमको "को-ग्राम" सहितमा चाटभटको पस्न नपाउने गरी लोकपाल स्वामीको पूजा-आजा, वार्षिक यात्रा र त्यसका निमित्त आवश्यक प्रबन्ध एवं सो प्रबन्धमा जुट्नेहरूका लागि पारिश्रमिक समेत तोकिएको अनि अघिल्ला राजाहरूको बेहोसीले त्यस प्रकारको सनद लुप्त हुन गएकाले सो सनद अभिलेख राखिएको व्यहोरा देखिन्छ । यसबाट लोकपाल स्वामी तत्कालीन वैष्णव सम्प्रदायका प्रशिद्ध देवता थिए र त "गोयुद्ध" (साँढे जुधाउने) एवं वराह यात्रा (क्रमशः कार्तिक शुक्ल एकादशी र जेष्ठ शुक्ल एकादशीका दिन) जस्ता सांस्कृतिक उत्सवहरू समेतको आयोजन गरिन्थ्यो भन्ने सन्दर्भहरूबाट (ऐ: ४८७-८९) तत्कालीन समाजको धार्मिक एवं सांस्कृतिक केन्द्रविन्दुका रूपमा लोकपाल स्वामी देवता रहेका थिए । तत्कालीन इतिहासका ज्ञाता स्व. धनवज्र वज्राचार्यले त हंसगृहद्रङ्ग भित्र यिनको मन्दिर थियो भन्ने अनुमान समेत गर्नु भएको छ (ऐ : ४८८) ।

**(२) हंसगृहद्रङ्गको अवस्थिति र लोकपाल स्वामी सम्बन्धी खोजमूलक टिप्पणी**

**(क) हंसगृहद्रङ्ग**

**(क) (१) हंसगृहद्रङ्गको प्राचीनता**

लिच्छविकालमा वस्तीहरूको नाम संस्कृतेत्तर र संस्कृत दुबै रूपमा पाइन्छन् । पछि कालक्रममा अधिकांश वस्तीहरूको नाम संस्कृत भाषामा राख्दै लैजाने क्रम बढ्दै गएको देखिन्छ । तत्कालीन संस्कृतेत्तर किरात आदि नामका वस्तीहरूका उदाहरण "मारवोपृङ" र "किसिपिंडी" लाई लिन सकिन्छ । यहाँ चर्चा गर्न लागिएको हंसगृहद्रङ्ग भने संस्कृत भाषामा नामाकरण गरिएको वस्ती रहेको स्पष्ट छ । कहिलेदेखि यस वस्तीको नाम संस्कृतकरण गरियो ? भन्ने यसको प्राचीनताको जहाँसम्म सवाल छ, पछिल्लो अनुच्छेदमा विस्तृतरूपमा चर्चा गरिए अनुरूप यस हंसगृहद्रङ्ग क्षेत्रमा हरिदत्त वर्माद्वारा स्थापित लोकपाल स्वामीको उत्पत्तिको मूल ब्रम्हाजी भएकाले ब्रम्हाजीको संझनालाई गाँसेर "हंसगृहद्रङ्ग" भनिएको देखिन आउँछ । "हंस" शब्दले ब्रम्हालाई पनि बुझाउँदछ । अमरकोश प्रथमकाण्डमा लेखिएको छ कि हंसवाचक शब्ददेखि वाहनवाचक शब्द पर रहेमा पनि नाम हुन्छ । जस्तै "हंसयान" आदि भनिएको छ । यस दृष्टिले विचार गर्दा हरिदत्त वर्माले "लोकपाल स्वामी" स्थापना गरेको केही समय पछि नै यस ठाउँको पुरानो नाम हटाई "हंसगृह" भनिन थालिएको हो भनी मान्नु सकिन्छ । यहाँछेउ यस धारणाको पुष्टि गर्न लोकपाल

स्वामी (वराह नारायण) सम्बन्धी पौराणिक मान्यतालाई संक्षेपमा चर्चा गर्नु समिचिन देखिन्छ "वराह"को वैदिक अर्थ प्राण/वायु भन्ने पाइन्छ । प्राचीन पुराण र धर्मग्रन्थबाट "वराह अवतार" व्रम्हाको हो भन्ने थाहा हुन्छ । पुराणमा समुन्द्रमा डुबेकी पृथ्वीलाई उद्धार गर्न चिन्तामग्न व्रम्हाजीले छिउँ गर्दा उनको नाकको प्वालबाट औंला जत्रो उज्ज्वल सेतो वराह निस्क्यो र आकाशमा विराजमान भयो । छिनभरमै विशाल रूप लिई गर्जंदै समुद्रमा प्रवेश गरी पृथ्वीलाई समुद्रबाट उद्धार गर्ने (वर्तमान श्रृष्टि=श्वेतवराह कल्प) वराहनारायणलाई त्यस बापत लोकपाल स्वामीकोरूपमा मान्न थालियो । यसरी व्रम्हाजीको इच्छानुरूपको वराहनारायणको स्वरूपको मूर्ति थपना गएिको यो वस्तीलाई मूल व्रम्हाजीको संभनालाई गाँसेर "हंसगृह"भन्न थालिएको बुभिन्छ ।

लिच्छविकालीन अभिलेखहरू मध्ये अंशुवर्मा (६०५-२० ई.) को हाँडिगाउँको सं.३२ को अभिलेखमा "हंसगृहदेव" भनिएबाट र राजा नरेन्द्रदेव (६४२-८२ ई.) कोअनन्तलिङ्गेश्वरको अभिलेखमा त्यहाँ उनी भन्दा धेरै अघि नै त्यहाँको स्थिति बन्देज युक्त सनदपत्र लुप्त हुन गएको भन्ने वर्णनका आधारमा यस ठाउँको नाम "हंसगृह" भनी अंशुवर्मा भन्दा धेरै अघिदेखि भनिइन थालिएको तथ्य स्पष्ट हुन्छ । "हंसगृह" नामक वस्तीले कहिले "द्रङ्ग" को दर्जा पाएको थियो भनी किटानी साथ भन्न सकिंदैन । तर राजा हरिदत्त वर्माले चार नारायणको स्थापना गर्दा लोकपाल स्वामीको थपना यही द्रङ्ग भित्र गरेका थिए भन्ने वंशावलीको कथन र इचंगुको अभिलेखका आधारमा (स्लसर, १९९८: ३२३) यो हंसगृह नामक वस्ती नेपाल उपत्यकामा आर्यहरूको प्रवेश पछिको मुख्य वस्तीको रूपमा विकसित रहेको सोभ्मो अन्दाज भने गर्न सकिन्छ । यसैले त लोकपाल स्वामीको वार्षिक पर्व एवं यात्राका रूपमा "गोयुद्ध" र "वराह यात्रा" जस्ता तत्कालीन धार्मिक तथा सांस्कृतिक गतिविधिहरूलाई लोकपाल स्वामीसँग आवद्ध गराई हंसगृहद्रङ्ग भित्र आयोजना गर्ने गरिएको थियो । अन्य अभिलेखिक प्रमाण प्राप्त नभएसम्म नरेन्द्रदेवको शासन काल अघि नै यस वस्तीले द्रङ्गको दर्जा पाएको हुनु धेरै सम्भव छ भन्न सकिन्छ ।

**(२) हंसगृहदङ्गको मूल केन्द आजको कुन वस्ती हो त ?**

लिच्छविकालमा साधारण ग्राममा वस्ती बढी फैलिंदै गए पछि "तल" को स्तरमा पुगी त्यसभन्दा पनि माथिल्लो तह "द्रङ्ग" को संरचना गरिएको बुभिन्छ । अथवा ग्रामपाञ्चालीहरू घना हुँदै जाँदा त्यस्ता अनेक पाञ्चालीहरू मिली "द्रङ्ग" को रचना हुन्थ्यो भन्ने अन्दाज गरिएको छ (शर्मा, २०३६: ४३) । आजसम्म इतिहासकारहरूले केवल अनन्तलिङ्गेश्वरमा हंसगृहद्रङ्गका प्रशिद्ध देवता लोकपाल स्वामीलाई मूलरूपमा लक्षित गरी राखिएको अभिलेखका आधारमा प्रशिद्ध लिच्छवि वस्ती "हंसगृहद्रङ्ग" अनन्तलिङ्गेश्वर भेक वरपर रहेको अनुमान गर्दै आएका छन् । तर हंसगृहद्रङ्गको मूल केन्द्र वस्ती कुन थियो त ? भन्ने कुरा प्रकाशमा आउन सकेको थिएन । लेखकले आफ्नो अनुसन्धानको क्रममा भक्तपुर शहरदेखि दक्षिणपश्चिम कोणमा रहेको नरेन्द्रदेवको माथि चर्चा गरिएको अभिलेख रहेको अनन्तलिङ्गेश्वर महादेव मन्दिर पश्चिम पट्टि अवस्थित हालको भ.पु. दधिकोट वडा नं. ५ स्थित तर्षागाल गाउँमा रहेको राधाकृष्ण मन्दिरमा दक्षिणी सुरमा पुराना देवताका रूपमा पुँजिदै आएका खिइसकेको सानो वराह नारायणको मूर्ति फलक फेला पारेको र त्यहाँका हालका मिश्र थरका पुजारीको वंशमा प्रचलित श्रुति परम्पराका आधारमा त्यसको केही वरपर अगल बगलमा सारिंदै हालको राधाकृष्ण मन्दिर खडा गरिएको कथनका आधारमा (विश्वनाथ मिश्रसँगको कुराकानी) हालको तर्षागाल गाउँ नै लिच्छविकालीन हंसगृहद्रङ्गगको मूल केन्द्र रहेको थियो भन्ने तथ्य स्पष्ट हुन गएको छ । यस अर्थमा हालको तर्षागाल वरपर रहेका दधिकोट र गुण्डु गा.वि.स. अन्तर्गतका गाउँबीचमा हंसगृहद्रङ्ग फैलिएर रहेको मान्न सकिन्छ । हालको तर्षागाल गाउँ नै हंसगृहदङ्गको मूल केन्द्र थियो भन्ने अन्य थप आधारहरूलाई बुँदागतरूपमा यसप्रकार चर्चा गर्न सकिन्छ ।

(१). राजा हरिदत्त वर्माद्वारा स्थापना गरिएका भनिएका लोकपाल स्वामी (वराह नारायण) को प्राचीन मूर्ति तर्षागालस्थित राधाकृष्णको मन्दिरमा भेटनु । यस अर्थमा वराह नारायणको मूर्ति र मन्दिर रहेको यो गाउँ नै हंसगृहद्रङ्गको मूल केन्द्र रहेकोमा दुईमत छैन ।

(२) राजा नरेन्द्रदेवको माथि चर्चा गरिएको अनन्तलिङ्गेश्वरको अभिलेखमा हंसगृहद्रङ्गदेखि पश्चिमको "को-ग्राम" समेतमा चाटभटले पस्न नपाउने स्थिति बन्देजको प्रसङ्गबाट हंसग्रहद्रङ्गदेखि पश्चिमं को-ग्राम रहेको बुझिन्छ । हालको तर्षागाल गाउँको ठीक पश्चिमपट्टि हाल "कालीटार" नामको गाउँ रहेको छ) संस्कृतेत्तर भाषामा "को" ले कालो भन्ने अर्थ बुझाउँदछ । जस्तै- कोङा (कालो माछा = नेवार थर विशेष) । त्यही "को-ग्राम" पछि समयक्रममा "कालीटार" नामले पुकारिइन थालिएको तथ्य स्पष्ट हुन्छ ।

(३) कुनै पनि ऐतिहासिक ठाउँको नाम समयक्रममा भिन्न-भिन्न भाषाका आधारमा पुकारिइन गए तापनि त्यसले आफ्नो परम्परागत गरिमालाई केही हदसम्म समेट्दै आएको देखिइन्छ । पूर्वापररूपमा विचार गर्दा "हंसगृह" नामको लिच्छविकालीन वस्ती र हालको तर्षागाल बोलिने गाउँको नामाकरणमा पनि सोही तादात्म्यता देखिन्छ । नेपाली शब्दकोशअनुसार "तर" को अर्थ तह/थान्को/थिति भन्ने हुन्छ । "षा" शब्द "शष्य" शब्दको बोलीचालीको विकृतरूप प्रतीत हुन्छ । जसको अर्थ रसद/वालीनाली/घासपातले धनधान्य (परिपूर्ण) भन्ने हुन्छ (ज्ञवाली, २०४०: ३४४ र ७०८) । अनि "गाल" शब्द "ग्वल" (मन्दिर) शब्दको विकृत रूप हो । यसरी तर्षागाल (तर + षा + गाल) शब्दले थितिविति बाँधिएको रसद/वालीनाली/ र घाँसपातले युक्त गुलजार रहेको मन्दिर रहेको क्षेत्र (वस्ती) भन्ने बुझाउँदछ ।

**(ख) लोकपाल स्वामी**

**(ख) (१) लोकपाल स्वामीको खोजीको प्रयास**

अघिल्ला अनुच्छेदहरूमा "हंसगृहद्रङ्ग" स्थिति लिच्छविकालीन चार नारायणमध्येका एक "लोकपाल स्वामी" थिए र ती देवता राजकीय र जनआस्थाका वैष्णव तीर्थस्थलहरूमध्ये एक महत्त्वपूर्ण केन्द्रकारूपमा विकसित रहेको कुराहरूबारे विस्तृत चर्चा भैसकेको छ) तर पछि कुनै अज्ञात प्रकोपमा कारण सो वस्ती उजाडिइन पुग्यो । अनि सो को सट्टामा विसंखुनारायणको पूजा-उत्सव चल्न थालेको बुझिन्छ । यति हुँदाहुँदै पनि ती प्रशिद्ध लोकपाल स्वामी वैष्णव सम्प्रदाय अर्थात् नारायणका कुन अवतार वा स्वरूपका देवता थिए त ? भन्ने कुरो आजसम्म प्रकाशमा आउन सकेको छैन । तर खुशीको कुरा यो छ कि लेखक स्वयंको स्थलगत अध्ययन र खोजका आधारमा पहिलोपल्ट लोकपाल स्वामी विष्णुको वराह अवतार हुन् र हंसगृहद्रङ्गमा उनको भव्य मन्दिर रहेको तथ्य सप्रमाण खुल्न आएको छ । यहाँछेउ यतिमात्र उल्लेख गरिन्छ कि अंशुवर्माको हाँडिगाउँको अभिलेख र नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरमा रहेको अभिलेखले चर्चा गरेको उपयुक्त वैष्णव देवताको खोजी गर्ने क्रममा स्थानीय दधिकोट र गुण्डु गा.वि.स. का गाउँहरूमा स्थापित रहेका विष्णु वा कृष्णसँग सम्वद्ध धार्मिक स्थलहरूमा रहेका देवताहरूको विस्तृत खोज एवं अध्ययन गर्ने काम गरियो । त्यसक्रममा नरेन्द्रदेवको अभिलेख रहेको अनन्तलिङ्गेश्वर पश्चिमपट्टि स्थानीय जनताको सक्रिय सहभागितामा वि.सं. २०५३ भ.पु. दधिकोट वडा नं ५ (तर्षागाल) मा निर्माण गरिएको एकतले पक्की गारोमा पैगोडा शैलीको जस्ताको छाना लगाइएको पूर्वाभिमुख श्री राधाकृष्ण मन्दिरको गर्भगृहमा उत्तरदेखि दक्षिण लस्करै राखिएका क्रमशः कृष्णको सानो मूर्ति/राधाकृष्णको ठूलो युगल मूर्ति र अन्तिम दक्षिणी सुरका पुराना देवताकारूपमा पुजिंदै आएका सानो मूर्ति फलक वर्षौंदेखि टिकाटालाद्वारा ढाकिएको अवस्थामा रहेको थियो । त्यसलाई सफा गरी नियाँलेर हेर्दा एक वित्ता उचाई र एक कुरेत चौडाईको उक्त मूर्ति फलक साह्रै खिइएको आकारसम्म स्पष्ट चिनिने तथा वरिपरी मन्दिरहरूमा प्रयोग गरिने परंपरागत ढुंगाको ऐनामा

काटिने बुट्टा कुँदिएको र मूर्तिफलकको बीच भागमा वराह नारायणको उभिएको पोजको दुवै हातले खन्ती जस्तो कुनै औजार विशेष समातेको बायाँमुख फर्काएको वराहको आकार स्पष्ट देखियो । उक्त मूर्ति फलकको बनोट हेर्दा यो थपना गर्ने प्रयोजन हेतु बनाइएको छुट्टै मूर्ति नभएर मन्दिरको अग्रभागको छाना वा मूलद्वारमाथि गर्भगृहका मूल देवता बारे संकेत दिने सानो मूर्तिफलक हो । जुनकुरा मूर्तिफलक पछाडिको भाग अलगरूपको मूर्ति कुँद्दा भैं सपक्क नकाटि मूर्तिफलकको पछाडिको भागलाई अड्याउन आवश्यक खाप एवं चोसो समेत राखिएबाट तथा सो मूर्तिफलकको चारैतिर परंपरागत ढुंगाका धार्मिक ऐनामा काटिने खालका बुट्टा काटिएबाट एवं सो मूर्तिफलक परंपरागत ढुंगाको ऐनाको आकारमै कुँदिएबाट (हेर्नुहोस् चित्र नं. - १) स्पष्ट हुन्छ । यसका साथसाथै वराह नारायणको (लोकपाल स्वामी) को भव्य मन्दिर थियो भन्ने पूर्ववर्ती इतिहासकारको अनुमान सत्य सावित समेत हुन पुगेको छ ।

(ख) (२) तर्षागाल गाउँस्थित राधाकृष्ण मन्दिरको गर्भगृहमा पुराना देवताका रूपमा पुजिँदै आएका "वराह नारायण" को मूर्ति फलक नै लिच्छविकालीन प्रशिद्ध चारनारायणमध्येका एक लोकपाल स्वामीको आकृति भल्काउने प्रतीक मूर्ति थियो भन्ने आधारहरू

(१) राजा नरेन्द्रदेवको अनन्त लिङ्गेश्वरको अभिलेखमा लोकपाल स्वामी रहेको ठाउँ अनन्तलिङ्गेश्वरको "हंसगृहद्रङ्ग" थियो र त्यस दङ्गदेखि पश्चिम "को-ग्राम" रहेको कुरा उत्कीर्ण गरिएको छ । यहाँ जुन ठाउँमा लेखकले वराह नारायण (लोकपाल स्वामी) को खिइएको सानो मूर्ति फलक फेला पाऱ्यो त्यस तर्षागाल गाउँदेखि पश्चिमको-ग्रामको अर्थ बोक्ने र परिवर्तित समयको नेपाली भाषामा बोलिने "कालीटार" नामको गाउँ रहेको पाइनुबाट स्पष्ट हुन जान्छ कि उपर्युक्त वराह नारायणको मूर्ति फलककै प्रतीक भव्य मूर्ति कुनै प्राकृतिक वा दैवी प्रकोपबाट नष्ट भएको लोकपाल स्वामीको मन्दिरको गर्भगृह रहेको थियो भन्ने कुरामा दुईमत रहँदैन ।

(२) अंशुवर्माको हाँडिगाउँको अभिलेखमा तत्कालीन प्रमुख देवताको रूपमा इंगित गरिनु अनि नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेखमा लोकपाल स्वामीको वार्षिक पूजा र यात्रासम्बन्धी चर्चा र कार्तिक शुक्ल एकादशीका दिन लोकपाल स्वामीको प्रतिष्ठापना भएको भनिएबाट र उक्त दिन अद्यापि चारनायणको मेला लाग्दै आएका आधारमा हाल तर्षागाल गाउँस्थित राधाकृष्ण मन्दिरको गर्भगृहको दक्षिणी छेउमा रहेको वराह नारायणको सानो मूर्तिफलक कै प्रतीक मूर्ति (जुन त्यतिबेला मन्दिरको गर्भगृहमा थियो) चार नारायणमध्ये एक लोकपाल स्वामीको मूर्ति थियो भन्ने कुरा पुष्टि हुन्छ ।

(३) विष्णुधर्मोत्तरमा "दुई वाहुको जमीन खन्न लागेको वराहको मूर्ति बनाउनु" भन्ने उल्लेख पाइन्छ (भट्टराई, २०४१: ३६) । लेखकले आफ्नो खोजीको क्रममा पत्ता लगाएको लोकपाल स्वामीको (वराह नारायण) मन्दिरको बाहिरी भागमा राखिएको मूर्तिफलकमा पनि ठीक् यहीरूपको चित्र उत्कीर्ण गरिएको छ । यसका साथसाथै नरेन्द्रदेवको उपर्युक्त चर्चा गरिएको अभिलेखमा लोकपाल स्वामीको वार्षिक यात्राको क्रममा "वराह यात्रा" को उल्लेख पाइएबाट पनि यहाँ चर्चा गरिएको वराह नारायणको मूर्ति फलक अनुरूपकै भव्य मूर्ति उजाडिएको मन्दिरको गर्भगृह भित्र त्यतिबेला मौजुद रहेको कुरामा कुनै शंका रहँदैन ।

यहाँछेउ स्वभाविक रूपले प्रश्न खडा हुन आउँदछ कि लोकपाल स्वामीको आकृतिको यो सानो मूर्ति फलक र यी देवतासँग सम्बद्ध राजा नरेन्द्रदेवको अभिलेख कसरी अलग-अलग ठाउँमा रहन पुगे त ? यस सम्बन्धमा सोझो अन्दाज यो गर्न सकिन्छ कि लोकपाल स्वामीको भव्य मन्दिर र सो मन्दिर रहेको प्रमुख वस्ती कुनै तरहले उजाडिन पुग्यो । अनि त्यस क्रममा कसैगरी फेला पारिएको मन्दिरको अग्रभागमा राखिएको सानो वराह नारायणको मूर्तिफलकलाई सो मन्दिरको आयस्ता खाने पुजारीले स्याहारेर पूजाआजा गर्दै आए र सोही रूपले बच्न गएको

नरेन्द्रदेवको अभिलेखलाई स्थानीय जनताले ऐतिहासिक महत्वको ठानी नजिकैको अनन्तलिङ्गेश्वर मन्दिरमा राखिदिए ।

**(ख) (३) लोकपाल स्वामीको मन्दिर रहेको क्षेत्रमा भएका पछिल्ला युगका निर्माण कार्यहरू**

लोकपाल स्वामीको मन्दिर रहेको लिच्छविकालीन हंसगृहद्रङ्ग र हालको तर्षागालमा त्यस पछाडिका युगहरूमा के कस्ता निर्माण कार्यहरू हुँदै रहे भन्ने कुरामाथि प्रकाश पार्ने खासै ऐतिहासिक सामग्रीहरू पाउन सकिएको छैन । हालको राधाकृष्ण मन्दिरको दक्षिणी भित्तामा रहेको वि.सं. १९३० को अभिलेखमा भने गोर्खाली सर्दार गुमानसिंह पन्थ क्षेत्रकी मुखेनी पद्मकुमारीले आफ्नो दुई कुलको उद्धार होस् भन्ने कामनाका साथ तर्षागालमा राधाकृष्णको युगल मूर्ति सहितको देवल थपना गरेको उल्लेख पाइन्छ । जुन अभिलेख भक्तपुर शिलालेख सूचीमा पनि प्रकाशित भएको छ । यसरी लिच्छविकाल भन्दा धेरै युग पछि आधुनिक युगमा यस ठाउँमा पुनः देवल निर्माण हुनु र सो देवल पनि पातालमा परिणत भई पुनः स्थानीय जनताको सक्रियतामा वि.सं. २०५३ मा निर्माण गरिएको राधाकृष्ण मन्दिरमा खासै ऐतिहासिक महत्व जान्न नसकिएको उत्तरी छेउको सानो कृष्णको मूर्ति/बीचमा राधाकृष्णको पद्मकुमारीले थापेको मूर्ति अनि दक्षिणी छेउमा वराह नारायण (लोकपाल स्वामी) को मन्दिरको अग्रभागमा राखिएको प्रतीक मूर्तिफलकहरूलाई एक साथ राखी पूजा-अर्चना गर्दै आएबाट (हुर्नुहोस् चित्र नं. - २) यो कुरा मान्न सकिन्छ कि प्राचीन मन्दिर र वस्ती उजाडिए तापनि वैष्णव सम्प्रदायका ऐतिहासिक महत्वका लोकपाल स्वामीको अग्रभागमा राखिएको सानो प्रतीक मूर्तिफलकलाई जोगाउँदै स्थानीय स्तरमा पूजाआजा गर्दै रहने चलन अटुटरूपमा चल्दै आएको स्पष्ट हुन्छ । यसका अतिरिक्त गोर्खाली सर्दारकी पत्नीले वि.सं. १९३० मा स्थापित राधाकृष्णको युगल मूर्ति र लोकपाल स्वामीको मन्दिरको अग्रभागको प्रतीक मूर्तिफलक एकैसाथ रहेका आधारमा यो अनुमान गर्न सकिन्छ कि यो देवताको प्राचीनता र धार्मिक महत्वबारेमा गोर्खाली भारदारहरूलाई समेत ज्ञान थियो । तर गोर्खाली सरदारकी मुखेनीले प्राचीन वराह नारायणको अवशेषकोरूपमा रहेको प्रतीक मूर्तिफलकलाई एकसाथ राखी देवल वनाउन लगाएर पनि त्यसबारेको महिमा बारे कुनै उल्लेख गराएको पाइँदैन ।

**(३) निष्कर्ष र उपलब्धिहरू**

प्रस्तुत खोजमूलक लेखबाट अनन्तलिङ्गेश्वरस्थित अभिलेखले गरेको बयान/पुरातात्विक महत्वको वराह नारायण (लोकपाल स्वामी) को मन्दिरको अग्रभागमा रहेको प्रतीक मूर्तिफलकको पहिचान र तिनका आधारमा गरिएको स्थलगत सर्वेक्षणहरूका आधारमा लिच्छविकालीन इतिहासमा आजसम्म अनुत्तरित रूपमा रहेका दुई महत्त्वपूर्ण पक्षहरू (क) हंसगृहद्रङ्ग नामको तत्कालीन उपत्यकाको प्रमुख वस्ती अनन्तलिङ्गेश्वर भेकमा कतै थियो भन्ने अस्पष्ट स्थितिमा हालको तर्षागाल गाउँ नै तत्कालीन हंसगृहद्रङ्गको मूल केन्द्र थियो भन्ने कुरामाथि सप्रमाण प्रकाश पारिएको छ । अनि (ख) हंसगृहद्रङ्गको मूल केन्द्र थियो भन्ने कुरामाथि सप्रमाण प्रकाश पारिएको छ । अनि (ख) हंसगृहद्रङ्गस्थित तत्कालीन चारनारायणमध्येका एक लोकपाल स्वामी वैष्णव सम्प्रदायका नारायणको कुनै अवतार वा स्वरूपको मूर्ति प्रतिष्ठापित गरिएको थियो भन्ने अस्पष्ट स्थितिमा विष्णुधर्मोत्तरको वचन अनुरूप दुवै हातले जमीन खन्ने औजार विशेष समातेका उभिएको पोजका वायाँ मुण्टो फर्काएका वराह नारयणको मूर्ति प्रतिष्ठापित गरिएको थियो र त्यतिबेला उनको भव्य मन्दिर रहेको थियो भन्ने तथ्य माथि सप्रमाण प्रकाश पारिएको छ ।

अन्तमा यस खोजमूलक टिप्पणीका प्रमुख उपलब्धिहरूलाई बुँदागत रूपमा यसप्रकार चर्चा गर्न सकिन्छः


प्रथमतः यस खोजमूलक टिप्पणीले प्राचीन लिच्छवि वस्तीमध्येको एक प्रमुख वस्ती हंसगृहदरूपमा यसप्रकार चर्चा गर्न सकिन्छः

प्रथमतः यस खोजमूलक टिप्पणीले प्राचीन लिच्छवि वस्तीमध्येको एक प्रमुख वस्ती हंसगृहद्रङ्ग र त्यसदेखि पश्चिमको "को-ग्राम" को वर्तमान अवस्थितिबारे पहिलोपल्ट जानकारी गराएको छ । जसबाट प्राचीन नेपालको ऐतिहासिक भूगोल लेखनका पक्षमा आंशिक मद्दत पुऱ्याएको छ ।

दोस्रो, नेपालको धार्मिक इतिहासको अध्ययनमा लिच्छविकालीन समाजमा विशेष मानभाउसहित राजकीय एवं जनआस्थाको केन्द्रबारेको रूपमा तथा तत्कालीन धार्मिक एवं सांस्कृतिक गतिविधिहरूको केन्द्रविन्दुकारूपमा रहेका लोकपाल स्वामीको रूपमा प्रख्यात देवताको अस्पष्ट स्थितिलाई छिचोलेर शास्त्रीय आधारमा विष्णुको तेस्रो अवतारका रूपमा मानिएका उभिएको पोजमा दुवै हातले जमीन खन्ने कुनै औजार विशेष लिएका र जमीन खन्न लागेका वराह नारायण हुन् भन्ने तथ्यमाथि प्रकाश पारिएको छ । यस अर्थमा यस टिप्पणीले नेपालको तत्कालीन धार्मिक इतिहास लेखनका पक्षमा रहेको महत्त्वपूर्ण अभावलाई पूर्ति गर्न सफल भएको छ ।

तेस्रो, यस खोजमूलक अध्ययनबाट नेपाली मूर्तिकलाको इतिहासमा एउटा महत्त्वपूर्ण अध्याय थपिइन पुगेको छ । अघिल्ला अनुच्छेदहरूमा विस्तृत चर्चा परेको वराह नारायण (लोकपाल स्वामी) को मूर्ति जस्तो नमूना अन्यत्र पाइएको छैन । केवल दायाँ हात कम्मरमा राखी बायाँ हातले पृथ्वीलाई आफ्नो कुमसम्म उचालेर उभिएका वराहका मूर्तिहरू मात्र पाइएका छन् । ती मूर्तिहरूमा ईसाको तेस्रो शताब्दीको भनिएको छ भ.पु. सिद्ध पोखरीको वराह मूर्त र धूमवाराहीको ईसाको पाचौं-छैठौं शताब्दीको मूर्ति र त्यसका पनि उत्तराधिकारी वर्तमान समयसम्मका वराह मूर्तिहरू यिनै नमूना अनुरूप मात्र पाइन्छन् (वाइदेल, २०३९: ११९-२०) । अनि यहाँ वर्णित वराह नारायणको मूर्ति नेपालको त्रिविक्रम मूर्तिहरूको विकसित अवस्था भन्दा चार-पाँच सय वर्ष अगाडिको मान्न सकिन्छ । यस दृष्टिले उक्त वराह नारायणको प्रतीक मूर्तिफलकको रचनाकाल ईस्वीको पहिलो शताब्दी वा त्यसभन्दा केही समय अगाडिको मूर्ति मान्न सकिन्छ । यसका साथसाथै यहाँ विस्तृत चर्चा र प्रकाश पारिएको वराह नारायणको प्रतीक मूर्तिफलक अन्यत्र कतै नपाइएको आधारमा नेपालमा प्रारंभिक वराह नारायणका मूर्तिहरू उभिएको पोजमा दुवै हातले कुनै औजार विशेष समाति जमीन खन्न लागेको भावमा उत्कीर्ण गरिने प्रचलन रहेको तथ्यमाथि नवीन एवं महत्त्वपूर्ण प्रकाश छर्दछ ।

**चित्र नं. - १**



**लोकपाल स्वामीको मन्दिरको अग्रभागमा रहेको वराह नारायणको प्रतीक मूर्तिफलक ।**

**चित्र नं. -२**



तर्षागाल गाउँस्थित हालको राधाकृष्ण मन्दिरको गर्भगृहमा राखिएका उत्तरदेखि दक्षिणका क्रमशः अज्ञात कृष्णको सानो मूर्ति, गोर्खाली भारदारकी मुखेनीले १९३० मा थापेको राधाकृष्णको युगल प्रतिमूर्ति र लिच्छविकालीन लोकपाल स्वामीको मन्दिरको अग्रभागमा रहेको वराह नारायणको प्रतीक सानो मूर्तिफलक ।

## सन्दर्भ-कृतिसूचि

अमरकोश (प्रथम काण्ड)।

कोइराला, कुलचन्द्र (२०४९), "नेपालमा श्री जलाशयी नारायण र कलाको ऐतिहासिक समीक्षा," *नेपाल* (वर्ष २२, अङ्क ५), वसन्त।

चालिसे, पुष्पराज (२०५५), *भक्तपुर-मोफसलका केही उपेक्षित धार्मिक एवं सांस्कृतिक निधिहरू,* नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. मा प्रस्तुत अनुसन्धान प्रतिवेदन।

भट्टराई, गोविन्दप्रसाद (२०४१), *मूर्तिकला,* काठमाडौँ: ईल्या भट्टराई।

मिश्र, विश्वनाथ, तर्षागालस्थित राधाकृष्ण मन्दिरका पुजारी। जससँग लेखकले २०५५ जेठमा कुराकानी गरेको थियो।

रेग्मी, जगदीशचन्द्र (२०३६), *नेपालको वैधानिक परंपरा,* काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि.।

वज्राचार्य, धनवज्र (२०३०), *लिच्छविकालका अभिलेख,* काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि.।

वाङ्देल, लैनसिंह (२०३४), *प्राचीन मूर्तिकलाको इतिहास,* काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

स्लसर, मेरी सेफर्ड (१९९८ ई.), *नेपाल मण्डल, प्रथम ठेली (टेक्स्ट),* काठमाडौं : मण्डला बुक प्वाइण्ट।

ज्ञवाली, सूर्यविक्रम (सं.), (२०४०), *नेपाली संक्षिप्त शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।